# शिवकुमार राईको 'पुत्लो' कथामा पाइने बालचरित्रको अध्ययन

● विक्रम विश्वकर्मा*

**सार :** यस लेखमा कथाकार शिवकुमार राईको 'पुत्लो' कथामा प्रयुक्त प्रमुख बालपात्रको चरित्रलाई चरित्र विश्लेषणको मनोविश्लेषणात्मक पद्धतिका आधारमा अध्ययन–विश्लेषण गरिएको छ। यस क्रममा पात्र र चरित्रमाझको भिन्नतालाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ भने चरित्र विश्लेषणको मनोविश्लेषणात्मक पद्धतिका आधारहरूलाई सविस्तार चिनाउने प्रयास गरिएको छ। यसका निम्ति 'मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान' नामक पुस्तकमा दुर्गाबहादुर घर्ती (वि सं २०६७)–ले प्रस्तुत गरेका पात्रविश्लेषणको मनोविश्लेषणात्मक पद्धतिलाई आधारस्वरूप ग्रहण गरिएको छ भने अन्यान्य मनोवैज्ञानिक एवम् विद्वान्, समीक्षकहरूद्वारा प्रतिपादित विचार, विवेचनाहरूको पनि सहयोग लिइएको छ।

**बीज शब्द –** पात्र, चरित्र, चरित्र विश्लेषण, मनोविश्लेषणात्मक पद्धति।

### १. पात्र र चरित्र

आख्यानमा प्रस्तुत हुने कथा कुनै न कुनै पात्रको कथा हुन्छ। अतः पात्ररहित कुनै कथाकृतिको रचना गर्न सम्भव देखिंदैन। यसैले अर्नल्ड बेनेटले पनि पात्र वा चरित्रलाई नै उपन्यास अथवा कथा–

* सहायक प्राध्यापक, नेपाली विभाग, दूर शिक्षा निर्देशालय, उत्तरबङ्ग विश्वविद्यालय

साहित्यको मूलाधार मानेका छन्।[१] कथानक–योजनाका कुनै पनि उपकरण पात्र एवम् चरित्रनिरपेक्ष बन्न नसक्ने हुनाले कथाका विषय एवम् घटना प्रकाशित गर्ने माध्यम र कथानकको सञ्चालक नै पात्र एवम् चरित्रलाई मानिन्छ। हुन पनि कथानकद्वारा पात्र र तिनका चरित्रको विकास गरिन्छ भने संवादद्वारा तिनका स्वभावका विशेषताहरू, मनःस्थिति, संस्कृति तथा आचार–विचार प्रकाशित हुँदछन्। देश,काल तथा वातावरणद्वारा तिनका स्थिति स्पष्ट हुँदछन् भने भाषाद्वारा तिनका सामाजिक स्तर एवम् विशिष्टताहरूको प्रत्यक्षीकरण गरिन्छ। कथानकलाई गति र लय प्रदान गर्ने तत्त्व पनि पात्र नै हो भने कथाको विचार तत्त्व वा सारवस्तु पनि पात्र र यसबाट सञ्चालित घटनाक्रमहरूबाट उद्‌भाषित भएको हुन्छ। यस्तै गरी दृष्टिविन्दु मूलतः कथा भन्ने पद्धति वा तरिका भए तापनि यसको सम्बन्ध प्रत्यक्षतः पात्रसँग रहेको हुन्छ। अतः कथा–संरचनाका सबै आवश्यक तत्त्वहरू पात्र वा चरित्रमै आधारित एवम् आश्रित रहेका पाइन्छन्। आधुनिक कथाको उद्देश्य मानव मनका रहस्य एवम् मानव समाजका यथार्थता उद्‌घाटित गर्नु हो, अतः कथाका पात्रहरू पनि समाजबाटै लिइन्छन्। तथापि ती जस्ताको तस्तै प्रस्तुत नभएर कथाकारको सिर्जनात्मक कल्पनाका रङमा रङिएर प्रस्तुत हुनेगर्दछन् र हामी पाठक विभावनाको तीव्रता वा उत्कर्ष तथा कल्पनाको यथार्थकारिता–शक्तिजस्ता मानसिक प्रवृत्तिद्वारा प्रेरित भएर ती कल्पित पात्रहरूलाई आफूसमान सजीव पुरुष वा स्त्री मान्नपुग्छौँ। यद्यपि कथाका पात्रहरू मानव मात्र हुन्छन् भन्ने होइन। मानवेतर सजीव र निर्जीव पात्रहरू लगायत भाव, विवेक, चेतना आदि कुराहरूलाई समेत पात्रका रूपमा ग्रहण गरिएको पाइन्छ। पात्र र चरित्र एकै–एकैजस्तो लागे तापनि यी एउटै भने होइनन्। सामान्य रूपमा हेर्दा पात्र र चरित्र एउटै जस्तो लागे तापनि विशिष्ट अर्थमा भने पात्र र चरित्रमा अन्तर छ। कृतिमा जो कोही पनि र जेसुकै पनि अर्थात् मानवीय र मानवेतर दुवै थरी पात्र हुनसक्छन्। एउटै पात्रका अनेक चरित्र हुनसक्छन् भने एउटै चरित्रका अनेक पात्र पनि हुनसक्छन्। वास्तवमा जुन पात्रका समस्त चारित्रिक गुण–अवगुणहरू प्रस्तुत गरिन्छ वा त्यसको समुच्चय रूप प्रस्टिन्छ, त्यो चरित्र हो। अर्थात् पात्रमा चारित्रिक गुण समाविष्ट हुन्छ। अतः कथामा जुन तत्त्वका माध्यमद्वारा घटनाहरू बुनिन्छन् र विकसित हुन्छन्, जसका क्रियाकलापबाट कथानकको निर्माण हुन्छ र कथानकलाई गति दिने कार्य हुन्छ त्यस तत्त्वलाई पात्र भनिन्छ भने त्यस पात्रका गुण–अवगुण, स्वभाव, प्रकृति, आचरण, आनीबानी, कार्यशैली आदिलाई चरित्र भनिन्छ।

## २. चरित्रविश्लेषणको मनोविश्लेषणात्मक पद्धति

रणवीर राङ्ग्राका भनाइअनुसार आख्यानकारले आफ्ना पात्रको अन्तःकरणका सम्पूर्ण रुचि

---

१. चन्द्रकान्त महादेव बान्दिवडेकर, सन् १९६९, **हिन्दी और मराठी के सामाजिक उपन्यासों का तुलनात्मक अध्ययन**, अजमेर, कृष्णा ब्रदर्स, पृ २४८

अरुचि, अभिरुचि, उसका वरपरका परिस्थितिहरू, ती परिस्थितिद्वारा उसको मनमा हुने प्रतिक्रिया, त्यस प्रतिक्रियाको उसको अन्तःकरणमा संस्कार बनाउने शक्याशक्यता अनि विभिन्न प्रसङ्गहरूमा उसको अन्तःकरणमा उत्पन्न हुने विचारहरू र प्रकट रूपमा देखिने वा हुने विकारहरू कम वा अधिक के–कति छन् पूर्ण रूपमा चित्रण गर्नुपर्दछ।[२] अतः आख्यानकारमा आफ्ना पात्रको आन्तरिक वृत्ति वा अन्तःकरणमा प्रविष्ट भई तिनको विशद अध्ययनद्वारा सूक्ष्म चित्रण गर्नका लागि मनोविज्ञानको विशेष ज्ञान हुन आवश्यक हुन्छ[३] भने ती पात्रका चरित्रबारे जानकारी पाउनका निम्ति मनोविश्लेषणात्मक पद्धतिको आधार लिनु अनिवार्य देखिन्छ।

पात्रमा चारित्रिक गुण समाविष्ट हुँदा त्यो चरित्र बन्दछ। अतः अधिकांश विद्वान्हरूले पात्र र चरित्रलाई पर्यायवाची शब्दका रूपमा प्रयोग गर्दै यिनका वर्गीकरण वा विश्लेषणका आधारहरू प्रस्तुत गरेका छन्। यस्तै क्रममा 'मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान' नामक आफ्ना पुस्तकमा दुर्गाबहादुर घर्तीले पात्रविश्लेषणको मनोविश्लेषणात्मक पद्धतिको आधारहरूका रूपमा व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेगात्मक परिपक्वता, मानसिक अन्तर्द्वन्द्व तथा मानसिक अवस्थालाई लिएका छन्।[४] यद्यपि, व्यवहार, प्रकृति, समायोजन, अभिवृत्ति, व्यक्तित्व, संवेग, मानसिक अन्तर्द्वन्द्व तथा मानसिक अवस्था पात्रका मानसिक एवम् चारित्रिक गुण, विशेषता वा अवस्थाहरू हुन्। अतः यी कुराहरू पात्रको चरित्र, व्यक्तित्व एवम् मानसिकतासँग सम्बन्धित रहेका हुनाले यिनलाई चरित्र विश्लेषणको मनोविश्लेषणात्मक पद्धतिका आधारका रूपमा स्विकार्न सकिन्छ। अतः दुर्गाबहादुर घर्तीले प्रस्तुत गरेका पात्रविश्लेषणको मनोविश्लेषणात्मक पद्धतिलाई आधार मान्दै चरित्र विश्लेषणको मनोविश्लेषणात्मक पद्धतिका आधारहरू निम्नलिखित रूपमा प्रस्तुत गरिन्छ –

क) अभिवृत्तिका आधारमा – यस आधारमा पात्रका चरित्र बहिर्मुखी र अन्तर्मुखी गरी दुई प्रकारका हुन्छन्।

ख) व्यवहारका आधारमा – यस आधारमा पात्रका चरित्र सुसङ्गत र असङ्गत गरी दुई प्रकारका हुन्छन्।

ग) प्रकृतिका आधारमा – यस आधारमा पात्रका चरित्र सहज र जटिल गरी दुई प्रकारका हुन्छन्।

घ) समायोजनका आधारमा – यस आधारमा पात्रका चरित्र समायोजित र असमायोजित गरी

---

२. रणवीर राङ्ग्रा, सन् १९६१, **हिन्दी उपन्यास में चरित्र–चित्रण का विकास**, दिल्ली, भारतीय साहित्य मन्दिर, पृ २९

३. क्षेमचन्द्र 'सुमन' तथा योगेन्द्रकुमार मल्लिक, सन् १९५४, **साहित्य–विवेचन के सिद्धान्त**, दिल्ली, आत्माराम एन्ड सन्स, पृ १००

४. दुर्गाबहादुर घर्ती, वि सं २०६७, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, काठमाडौँ, साझा प्रकाशन, पृ ८९

दुई प्रकारका हुन्छन्।

ङ) व्यक्तित्वका आधारमा – यस आधारमा पात्रका चरित्र सन्तुलित र असन्तुलित गरी दुई प्रकारका हुन्छन्।

च) संवेगात्मक परिपक्वताका आधारमा – यस आधारमा पात्रका चरित्र परिपक्व र अपरिपक्व गरी दुई प्रकारका हुन्छन्।

छ) मानसिक अन्तर्द्वन्द्वका आधारमा – यस आधारमा पात्रका चरित्र अन्तर्द्वन्द्वरहित र अन्तर्द्वन्द्वग्रस्त गरी दुई प्रकारका हुन्छन्।

ज) मानसिक अवस्थाका आधारमा – यस आधारमा पात्रका चरित्र अविकृत र विकृत गरी दुई प्रकारका हुन्छन्।

## ३. मनोविश्लेषणात्मक पद्धतिका आधारमा शिवकुमार राईको 'पुत्लो' कथाका बालचरित्रको अध्ययन

पिता धोजवीर राई र माता नरमाया राई (देवान)–का ज्येष्ठ पुत्रका रूपमा पूर्व सिक्किमको पाक्योङ महकुमाअन्तर्गतको रिनाक सहरमा २६ अप्रेल, १९१९ मा जन्मेका र २२ जुलाई, १९९५ मा खरसाङको सितलु बस्तीमा ईहलीला समाप्त गर्ने शिवकुमार राई साहित्यकारका अतिरिक्त समाजसेवी, राजनीतिज्ञ, शिक्षक, रेडियो कार्यक्रम निष्पादक, धार्मिक–आध्यात्मिक चिन्तक आदि विविध व्यक्तित्वका रूपमा परिचित छन्। यद्यपि नेपाली जगत्मा यिनको व्यक्तित्वले एकजना उच्च कोटिको साहित्यकारका रूपमा धेर प्रसिद्धि पाएको देखिन्छ भने नेपाली साहित्य जगत्मा कविता, गीत, खण्डकाव्य, कथा, उपन्यास, निबन्ध, एकाङ्की नाटक, रेडियो रूपक, फिचर लेख, सम्पादकीय लेख, अनुवाद आदि विविध विधामा कलम चलाउने यिनको साहित्यिक व्यक्तित्व कथाकारका रूपमा बढी गरिमामय बन्नपुगेको पाइन्छ। सन् १९४१ –मा खरसाङबाट प्रकाशित 'तरुण' हस्तलिखित पत्रिकामा प्रकाशित 'बाँसुरी' शीर्षक भएको कथाबाट नेपाली कथा–साहित्यमा प्रवेश गर्ने शिवकुमार राईको प्रथम मुद्रित कथा भने वि सं २००१ मा 'शारदा' पत्रिकामा छापिएको 'प्रकृति–पुत्री' शीर्षक भएको कथालाई मानिन्छ। यसपछि यिनको लगभग पचास वर्ष लामो साहित्यिक यात्रामा क्रमशः 'फ्रण्टियर' (सन् १९५४), 'यात्री' (सन् १९५६), 'खहरे' (सन् १९७६), 'बडा डिनर' (सन् १९८७) र 'शिवकुमार राईका सात कथा' (सन् १९९४) गरी जम्मा पाँचवटा कथासङ्ग्रहहरू प्रकाशित पाइन्छन्।)

'पुत्लो' कथा 'शिवकुमार राईका सात कथा' (सन् १९९४) –मा सङ्ग्रहित एउटा बालमनोवैज्ञानिक कथा हो। यस कथामा कथाकारले बिनाकारण मसिना विद्यार्थीहरूलाई दुख दिने, हेप्ने वा प्रताडित गर्ने शिक्षकहरूप्रति बालहृदयमा समेत प्रतिशोधको भावना उत्पन्न हुनसक्ने तथा त्यस्ता प्रतिशोध वा

प्रतिकारको दमित भावनाले बिस्तारै बालबालिकाको जीवनलाई विक्षिप्त तुल्याउने कुरालाई प्रस्तुत गरेका छन्। कथाको सार यस्तो छ– दार्जिलिङ सरकारी हाई स्कुलमा अध्ययन गर्न दुर्गापुरबाट आई स्कुलकै करमाइकल होस्टेलमा बस्ने गौतम अन्य छात्रहरूभन्दा भिन्नै प्रकृतिको, अल्पभाषी, एकलकाँटे वा साथीहरूसँग धेर नमिसिने, सिनेमा, थिएटर, खेलकुद, तरुनी–तन्नेरी आदि विषयका चर्चाहरूमा रुचि नलिने किसिमको भए तापनि भूत–प्रेत, बोक्सी, धामी, झाँक्री आदिका चर्चामा भने औधी चाख मान्ने गर्थ्यो। एक रात साथीका मुखबाट नेपालको तराई अञ्चलको कुनै एउटा गाउँमा गाउँलेहरूको अनुरोधमा एकजना जन्डा थारू ओझाले अन्यायी र अत्याचारी एउटा गाउँ–मुखियाको पुत्लो उसैले लगाएको लुगाबाट बनाई मध्य रातमा गाउँको चौबाटामा गई कालो पोथीको रगतमा त्यस पुत्लालाई भिजाई बबुलका काँडाहरू रोपेर चौबाटाबिचमा गाडेको र त्यसो गर्ने बित्तिकै गाउँको त्यो अत्याचारी मुखिया बिहान हुँदा नहुँदै रगत छादेर मरेको कथा गौतमले सुनेपछि आफूलाई दिन–प्रतिदिन साथीहरूको माझमा लज्जित पार्ने, दुख दिने, हेप्ने र कुटपिट गर्ने धर्मसिङ मास्टरलाई पनि त्यसै गरी मार्न पाए हुन्थ्यो भन्ने विचार उसको मनमा जागृत हुन्छ। फलस्वरूप एकदिन उसले पनि आफूले सुटुक्कै टिपेर ल्याएको धर्मसिङ मास्टरको गन्जी च्यातेर एउटा गुडिया बनाई बारका काँडाहरू टिपेर ल्याई त्यस गुडियाका शरीरभरि रोपी फुलबारीमा गाड्छ। संयोगवश त्यही रात केही दिनअघिदेखि नै हृदयरोगले आक्रान्त धर्मसिङ मास्टरको निधन हुन्छ। गौतम भने मैले नै धर्मसिङ मास्टरलाई मारेको हो भन्ने ठानी दिनदिनै मानसिक रूपमा विक्षिप्त हुँदैजान्छ र अन्त्यमा आत्महत्या गर्नपुग्छ।

प्रस्तुत कथामा गौतम प्रमुख बाल पात्रका रूपमा रहेको छ। दिनेश, हरि, लालवीर, पद्मे, पद्मनाथ बाँसतोला, राजेन सहायक बालपात्रहरू हुन् भने गजेन्द्र, कृष्ण, श्यामसिङ र धर्मसिङ मास्टरकी सानी छोरी गौण बालपात्रका रूपमा रहेका छन्। वयस्क वा प्रौढ पात्रका रूपमा भने धर्मसिङ मास्टर कथामा मुख्य सहयोगी पात्र बनेका छन् भने बाबुचा, स्कुलका हेडमास्टर, थाना अधिकारी बलराम बस्नेत अन्य सहयोगी पात्रहरू हुन्। धर्मसिङ मास्टरकी पत्नीको भूमिका भने कथामा गौण रहेको छ। माथि उल्लिखित सबै पात्रहरू कथामा मञ्चीय पात्रका रूपमा देखिएका छन् भने लालवीरका बाजे मानवीर, राई मण्डल, बिजुवा, गाउँका मुखिया दीनदयाल पाण्डे, राजसिंह यादव, राजसिंह यादवकी छोरी मुनिया, थारू ओझा तथा रामु कहार नेपथ्य पात्रका रूपमा रहेका छन्। यिनका अतिरिक्त गुन्डाहरू, गाउँलेहरू र मलामीजस्ता समूह पात्र र कुखुरा, बिरालाजस्ता मानवेतर पात्रहरू पनि यस कथामा पाइन्छन्।

प्रत्यक्ष र परोक्ष दुवै पद्धतिद्वारा प्रमुख बालपात्र गौतमका चरित्रको चित्रण गरिएको यस कथामा अन्य बालपात्रहरूका चरित्रको चित्रण गरिएको पाइँदैन। अतः प्रस्तुत लेख प्रमुख पात्र गौतमका चरित्रको मनोविश्लेषणात्मक पद्धतिका आधारमा अध्ययन गर्ने दिशातर्फ उन्मुख रहने छ।

**क) अभिवृत्तिका आधारमा –** वास्तविक जीवन–जगत्मा झैं कथा वा आख्यान–जगत्का

पात्रहरू पनि विभिन्न मानसिक अभिवृत्ति भएका हुन्छन्। यस्ता अभिवृत्तिका आधारमा वास्तविक जीवन-जगत्का व्यक्तिहरूका चरित्रलाई मोटामोटी रूपमा बहिर्मुखी र अन्तर्मुखी गरी दुई प्रकारमा छुट्ट्याउन सकिए झैँ कथा वा आख्यान जगत्का पात्रहरूका चरित्रलाई पनि बहिर्मुखी र अन्तर्मुखी गरी दुई भागमा विभाजन गर्न सकिन्छ। बहिर्मुखी चरित्र भएका पात्रहरू समाज र बाह्य वातावरणलाई बढी महत्त्व दिने, सामाजिक गतिविधितर्फ उन्मुख हुने, सामाजिक हित, नैतिकता, मर्यादा, अनुशासनतर्फ लाग्ने, तुरुन्त निर्णय लिन सक्ने, उत्तेजक, प्रफुल्ल तथा आक्रामक प्रवृत्तिका हुन्छन्। अन्तर्मुखी चरित्रका पात्रहरू भने बाह्य एवम् सामाजिक वातावरणलाई महत्त्व नदिई आफैलाई बढी महत्त्व दिने, सामाजिक गतिविधितर्फ विमुख रहने, आफ्नै बारेमा मात्र चिन्तनरत रहने, तुरुन्त निर्णय लिन नसक्ने, चिन्तनशील, स्वैरकल्पनामा विचरण गर्ने, भावावेगमा आइ नहाल्ने, अल्पभाषी, लज्जालु, उदासीन र एकान्तप्रिय हुन्छन्। गौतमको चरित्रको चित्रण प्रत्यक्ष रूपमा गर्दै कथाकार यसो भन्छन्- ''गौतम अन्य छात्रहरूको अपेक्षा भिन्नै प्रकृतिको थियो, धेर नबोल्ने, अल्पभाषी र साथीहरूसित धेर नमिसिने, एकलकाँटे थियो।'' धेर बोल्न र साथीहरूसित मिसिन नरुचाउनु तथा एक्लो बस्न मनपराउनु जस्ता मानसिक अभिवृत्तिहरू अन्तर्मुखी चरित्रमा पाइने कुराहरू हुन्। अतः प्रस्तुत कथामा गौतम एउटा अन्तर्मुखी चरित्र भएको पात्र हो। अन्तर्मुखी चरित्रका मानिसहरू बाह्य एवम् सामाजिक वातावरणलाई महत्त्व नदिने वा सामाजिक गतिविधितर्फ विमुख रहने किसिमका हुन्छन्। नभन्दै गौतम पनि होस्टेलमा छात्र-समुदायबिच हुने सिनेमा, थियेटर, खेलकुद, तन्नेरी-तरुनी आदि थरी थरीका चर्चामा सामेल हुँदैन थियो। यद्यपि ऊ भूत-प्रेत, बोक्सी, धामी-झाँक्री आदिका कथा वा कुराहरूमा भने विशेष रुचि लिने गर्थ्यो। यसको कारण अन्तर्मुखी चरित्रमा पाइने स्वैरकल्पनामा विचरण गर्ने प्रवृत्तिलाई मान्न सकिन्छ। अन्तर्मुखी चरित्रका मानिसहरू लजालु हुन्छन्। गौतममा पनि यो गुण पाइन्छ भन्ने कुराको पुष्टि निम्नलिखित कथांशले गर्दछ- 'केटीहरूको चर्चा कसैले झिकिदिए गौतम जुरुक्क उठेर जान्थ्यो औ साथीहरू मुखामुख गरी भन्थे, देख्यौ यो मानिस उठेर हिँड्यो, ऊ पो लजाउँछ'....।[५]

मनोवैज्ञानिक युङ्गले संसारका सबै व्यक्तिहरूलाई प्रथमतः मोटामोटी रूपमा बहिर्मुखी, अन्तर्मुखी र उभयमुखी गरी तीन वर्गमा विभाजित गरी उक्त तीन वर्गमध्ये बहिर्मुखी र अन्तर्मुखी वर्गलाई बहिर्मुखी विचारक, बहिर्मुखी भावुक, बहिर्मुखी अन्तर्दर्शक, बहिर्मुखी संवेदक तथा अन्तर्मुखी विचारक, अन्तर्मुखी भावुक, अन्तर्मुखी अन्तर्दर्शक र अन्तर्मुखी संवेदक गरी चार-चारवटा उपवर्गमा विभाजित गरेका छन् भने युङ्गको वर्गीकरणलाई आधार मान्ने धनराज मानधानका विचारमा बहिर्मुखी विचारकको वर्गमा पर्ने पात्रहरूको अभिरुचि सांसारिक हलचल वा गतिविधितर्फ बढी रहन्छ। यिनीहरू व्यवहार-कुशल हुन्छन्

---

५. शिवकुमार राई, सन् १९९४, 'पुत्लो', **शिवकुमार राईका सात कथा**, दार्जिलिङ, नेपाली साहित्य सम्मेलन, पृ ६४

अनि वास्तविक घटनाहरूप्रति आफ्नो सिद्धान्त स्थापित गर्छन्। यस वर्गका पात्रहरू आफ्ना विचार अन्य व्यक्तिमाथि लाद्न चाहन्छन् भने आफूसँग मतभेद राख्ने व्यक्तिहरूलाई मूर्ख ठान्छन्। बहिर्मुखी भावुकको वर्गमा पर्ने पात्रहरू भने साधारणतः नारीपात्राहरू हुन्छन्। परम्परासँग बाँधिइरहने तथा अन्यमा अनावश्यक रुचि राख्ने विशेष प्रवृत्ति रहेका यस्ता पात्रहरूमा अनुभव गर्ने शक्ति रहे तापनि तर्क गर्ने शक्ति भने पाइँदैन। बहिर्मुखी अन्तर्दर्शक वर्गमा अस्थिर विचार भएका संसारी पात्र पर्दछन्। यस्ता पात्र अधिकतर भाग्यवादी, मद-मदिरा वा कुनै कुरामा आसक्त, धूर्त तथा आफ्नो मान्यतामा अडिग रहने हुन्छन्। यस्तो चरित्र भएका पात्र कुनै कार्यको कारण वा त्यसको प्रभावबारे नसोच्ने किसिमका हुन्छन्। बहिर्मुखी संवेदक वर्गमा अधिकतर इन्द्रियपरायण पात्रहरू पर्दछन्। यस्ता पात्रहरूका इच्छा-आकाङ्क्षा निम्नस्तरीय, लज्जास्पद वा असभ्य किसिमका हुन्छन्। पर्याप्त मात्रामा बुद्धिको विकास नभएकाले गहन विषयको जानकारी यिनमा कम हुन्छ। आफ्नो स्वार्थपूर्तिका लागि दया प्रदर्शित गर्ने यस्ता पात्रहरूमा इन्द्रियलोलुपता अधिक पाइन्छ। यस्तै गरी अन्तर्मुखी चरित्र भएका पात्रहरूको पनि वर्गीकरण गर्ने क्रममा मानधानले अन्तर्मुखी विचारक वर्गका पात्रमा भावावेग कम मात्रामा पाइने तथा कुनै कुराबारे कल्पना पहिले गरेर त्यसलाई कार्यान्वित गर्ने प्रयत्न भने पछि गर्ने प्रवृत्तिका यस कोटिका पात्रहरूमा मानवता र सहिष्णुताको अभाव रहने बताएका छन्। अन्तर्मुखी भावुक चरित्रका पात्रहरूको वर्गमा भने स्त्री पात्रहरूको सङ्ख्या अधिक रहने तथा केही असामाजिक ढङ्गका अन्य पात्रहरू पनि यस कोटिमा पर्ने यिनको विचार रहेको पाइन्छ। यिनको भनाइअनुसार यस वर्गका पात्रहरू आफ्ना मनमा उत्पन्न प्रेम वा घृणाका भावहरू व्यक्त गर्न नसक्ने तर तीबाट निर्मित पीडाको भने अनुभव गर्ने किसिमका हुन्छन् भने अरूबाट आफ्नो मान-सम्मान वा कदर होस् भन्ने अपेक्षा राख्ने यस्ता पात्र अरूको दृष्टिमा भने स्वार्थी सिद्ध हुने गर्छन्। अन्तर्मुखी अन्तर्दर्शक चरित्रका पात्रहरू अधिकतर रहस्यवादी र भावुक हुने तथा अरूले भनेका कुरामा भन्दा त्यसको आन्तरिक अर्थमा अधिक ध्यान दिने किसिमका हुन्छन्। यस्ता पात्रहरूका कार्यकलापहरूले गर्दा यिनीहरू सबैका विश्वासपात्र बन्न सक्तैनन् र सबैले यिनीहरूलाई विश्वासघाती सम्झिन्छन् भने अन्तर्मुखी संवेदक चरित्रका पात्रहरू काव्य-प्रेमी, कला-प्रेमी, सङ्गीत-प्रेमी, रसना-स्वाद-प्रेमी, मदिरा-प्रेमी, ऐन्द्रियसुखोपभोगेच्छु आदि प्रकारका हुन्छन्। एकान्तमा आनन्दोपभोग गर्ने तथा संसारका नियमादि नमानी आफ्नो इच्छानुसार बाँच्ने यस्ता पात्रहरूका दृष्टिमा संसार पागलखाना हो भने संसारका दृष्टिमा यिनीहरू पागल ठहरिन्छन् भन्ने मानधानको भनाइ छ। मनोवैज्ञानिक युङ्गको बहिर्मुखी र अन्तर्मुखी चरित्रसम्बन्धी वर्गीकरण र मानधानका विचारलाई आधार मान्दा प्रस्तुत कथाको बालपात्र गौतम अन्तर्मुखी भावुक चरित्रको पात्रका रूपमा देखिन्छ। यस्ता चरित्रहरू आफ्ना मनमा उत्पन्न प्रेम वा घृणाका भावहरू व्यक्त गर्न नसक्ने तर तीबाट निर्मित पीडाको भने अनुभव गर्ने किसिमका हुन्छन् भने अरूबाट आफ्नो मान-सम्मान वा कदर होस् भन्ने अपेक्षा राख्छन्। धर्मसिङ मास्टरप्रतिको घृणालाई गौतमले पनि

आफ्ना साथीहरू वा अरूका समक्ष व्यक्त गर्न सकेको छैन र तीबाट निर्मित कुण्ठा र पीडालाई आफैमा सीमित राखेको छ भने धर्मसिङ मास्टरका कारणले दिन–प्रतिदिन साथीहरूका अघि लज्जित र तिरस्कृत भई आफ्नो मान–सम्मानमा क्षति पुगेकामा ऊ विक्षिप्त बनेको छ।

**ख) व्यवहारका आधारमा –** यस आधारमा पात्रहरूको चरित्र सुसङ्गत र असङ्गत गरी दुई प्रकारका हुन्छन्। सामाजिक वातावरण, समय र परिस्थितिअनुरूप व्यवहार गर्ने पात्र सुसङ्गत चरित्रको र त्यस्तो व्यवहार नगर्ने पात्र असङ्गत चरित्रको मानिन्छ।[६] सुसङ्गत चरित्र सामान्य र असङ्गत चरित्र असामान्य चरित्र हुन्। समय, परिवेश, परिस्थितिअनुकूल व्यवहार गर्ने सुसङ्गत चरित्रका पात्रहरू सामाजिक वातावरणमा आफूलाई संयमित राख्न सक्ने हुन्छन्। असामान्य वा असङ्गत चरित्रका पात्रहरू भने विभिन्न सामाजिक परिवेश, समय र परिस्थितिमा कुनै कुराको ख्यालै नराखी आचरण गर्ने किसिमका हुन्छन्। अन्तर्मुखी चरित्रको गौतम आफ्ना साथीहरूभन्दा भिन्नै प्रकृतिको भए तापनि धर्मसिङ मास्टरको मृत्यु हुनभन्दाअघि उसको व्यवहारमा कुनै प्रकारको असङ्गति पाइँदैन। हृदयरोगका कारणले धर्मसिङ मास्टरको मृत्यु भएपछि भने त्यस मृत्युको कारण आफूलाई ठानी अपराधबोधले मानसिक रूपमा विक्षिप्त बन्दैगएको गौतमका व्यवहारमा असङ्गतिहरू देखिनथाल्छन्। असङ्गत चरित्रका पात्रहरूमा वास्तविकताको ज्ञान हुँदैन र विभिन्न सामाजिक परिवेश, समय र  परिस्थितिमा कुनै कुराको ख्यालै नराखी आचरण गर्ने किसिमका हुन्छन्। धर्मसिङ मास्टरको हत्यारा आफूलाई ठानी मनभित्र कुण्ठा, आशङ्का र अशान्ति पालेर कैयौँ दिनसम्म स्कुलसमेत नगई कोठामै थुनिएर बसेपछि अन्तमा विवश भई ऊ आफ्नो साथी दिनेश र हरिसमक्ष आफ्ना मनका कुण्ठाहरू पोख्न चाहन्छ र भन्छ– ''...तिमीहरूलाई थाहा छ के, मास्टरजीलाई मैले नै मारेको, काँडै काँडाले रोपेर।'' दिनेश र हरि दुवैले गौतमलाई पुलुक्क हेरेर भने, ''के पगला जस्तो कुरो गर्छौ, धेरै दिनदेखिको उनलाई मुटुको रोग थियो र आखिरी त्यसैले उनलाई लग्यो। अरूको अघि यस्तो कुरो नगर नि, पागल भन्ने छन्।'' यसरी गौतमलाई उसका साथीहरूले धर्मसिङ मास्टरको मृत्यु मुटुको रोगले गर्दा भएको वास्तविकता बताउन खोज्छन्। तर उसलाई त्यस वास्तविकताले कुनै असर पार्दैन। ऊ फेरि भोलिपल्ट साँझमा स्कुलका हेडमास्टरकहाँ पुग्छ र धर्मसिङ मास्टरलाई आफूले मारेको हो भन्ने कुरो बताउँछ। हेडमास्टरले पनि उसलाई धर्मसिङ मास्टरको मृत्यु हृदयरोगले आक्रान्त भएर भएको कुरो बताउँछन्। यस कुराले पनि गौतममा कुनै असर पर्दैन र ऊ थाना–अधिकारी बलराम बस्नेतकहाँ समेत आफ्नो कुरो बताउन पुग्छ। यसरी कथाको उत्तरार्ध वा धर्मसिङ मास्टरको मृत्युपछि भने मनोरोगी बनिसकेको गौतमको व्यवहार र कार्यव्यापारहरूमा असङ्गति देखिन आउँछ।

६. धनराज मानधान (माहेश्वरी), सन् २०११, **उपन्यास का मनोविश्लेषण**, कानपुर, अन्नपूर्णा प्रकाशन, पृ ३७०–३७४

**ग) प्रकृतिका आधारमा –** यस आधारमा पात्रहरूको चरित्र सहज र जटिल गरी दुई प्रकारका हुन्छन्। चिन्तन, भाव र क्रियामा प्रासङ्गिकता, नियमितता, एकरूपता, स्थिरता, सङ्गति, सन्तुलन र समन्वय भएको पात्रलाई सहज चरित्र भएको पात्र अनि त्यस्ता कुराको अभाव भएको पात्रलाई जटिल चरित्र भएको पात्र भनिन्छ।[७] सहज चरित्रलाई सामान्य र जटिल चरित्रलाई असामान्य चरित्र मानिन्छ। सामान्य वा सहज चरित्रका पात्रको व्यक्तित्व संगठित रहन्छ। उसका व्यक्तित्वको संज्ञानात्मक, क्रियात्मक एवम् प्रभावात्मक पक्षहरूमा कुनै असन्तुलन रहँदैन तथा उसका कार्यप्रणालीमा राम्रो समन्वय रहन्छ। अतः उसका विचार तथा क्रियाकलापहरू तर्कसङ्गत एवम् परिस्थितिअनुरूप हुँदछन्। यस्तो पात्रको बोलचाल, क्रियाकलाप आदिमा एकरूपता, स्थिरता एवम् सङ्गति रहेको हुनाले व्यवहारमा नियमितता अनि प्रासङ्गिकता पाइन्छ। यसको ठिक विपरीत असामान्य वा जटिल चरित्रका पात्रको व्यक्तित्व सङ्गठित रहँदैन भने संज्ञानात्मक, क्रियात्मक एवम् प्रभावात्मक पक्षहरूमा पनि कुनै समन्वय वा सन्तुलन रहँदैन। यसर्थ उसका भाव, विचार तथा क्रियाहरूमा असङ्गति, अप्रासङ्गिकता, असन्तुलन र असमन्वय, अनियमितता एवम् अनेकरूपता पाइन्छन्। सरल रूपमा भन्नुपर्दा सहज चरित्र सहजै बुझ्न सकिने किसिमको हुन्छ भने जटिल चरित्र हत्तपत्त बुझ्न नसकिने वा बुझ्न गाह्रो पर्ने किसिमको हुन्छ। प्रस्तुत कथामा गौतम आफ्ना साथीहरूभन्दा छुट्टै प्रकृतिको भए तापनि उसका चरित्रमा एकरूपता, नियमितता र स्थिरता पाइन्छ। ऊ कुनै बेला साथीहरूसँग धेरै बोल्ने, रमाउने वा मिसिने र कुनै बेला नबोल्ने, नमिसिने र एक्लै बस्न मनपराउने प्रकृतिको नभएर कथामा आद्यन्त एउटै प्रकृति अर्थात् एकलकाँटे, अरूसँग धेर नबोल्ने र नमिसिने किसिमको चरित्रका रूपमा देखिएको छ। यसो हुँदा अन्तर्मुखी चरित्रका रूपमा उसलाई कथाका पाठकहरू सहजै ठम्याउन सक्छन्। यद्यपि कथाका अन्त्यतिर उसका भाव, विचार र क्रियाहरूमा असङ्गति र असन्तुलन देखिएको छ। तर यी कुराहरूमा अप्रासङ्गिकता पाइँदैन। मनोविकारले उत्पन्न यस्ता असङ्गति र असन्तुलनले उसको चरित्रमा अनेकरूपता ल्याई त्यसलाई जटिल भने तुल्याएको छैन। यसका अतिरिक्त उसका भाव, विचार र क्रियाहरूमा असङ्गति र असन्तुलन देखापरे तापनि भाव, विचार र क्रियाहरूमाझ भने सङ्गति, सन्तुलन र समन्वय नै रहेको पाइन्छ किनभने कथामा आद्यन्त उसका क्रियाकलापहरू भाव तथा विचारअनुरूपकै देखिएका छन्। अतः प्रस्तुत कथामा गौतम एउटा सहज चरित्रको पात्रका रूपमा चित्रित छ।

**घ) समायोजनका आधारमा –** मनोवैज्ञानिक बोरिङ्ग ल्याङ्गफिल्ड र वेल्डका अनुसार समायोजन त्यो प्रक्रिया हो जसद्वारा प्राणी आफ्ना आवश्यकताहरू र ती आवश्यकताहरूको पूर्तिलाई प्रभावित गर्ने

---

७. दुर्गाबहादुर घर्ती, वि सं २०६७, **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान**, काठमाडौँ, साझा प्रकाशन, पृ. ८७

परिस्थितिहरूमाझ सन्तुलन राख्दछ।[८] सामान्य पात्र सामाजिक वातावरण एवम् आन्तरिक इच्छा, आकाङ्क्षा वा आवश्यकताहरूसँग अनुकूल सामञ्जस्य कायम गर्न सक्छन्। यस्ता पात्र आफ्ना छरछिमेकी, साथी–सहयोगीसँग उचित सामाजिक सम्बन्ध कायम राख्न समर्थ हुन्छन् भने हरेक स्थितिमा आफ्ना संवेगहरूलाई नियन्त्रित राख्न र परिस्थितिअनुकूल आफूलाई उपयुक्त बनाउन समर्थ हुन्छन्। यसरी विभिन्न स्थिति, परिस्थिति, सामाजिक वातावरण एवम् आफ्ना भाव, संवेग तथा आवश्यकताहरूसँग अनुकूल सामञ्जस्य वा समायोजना कायम गर्न सक्ने पात्रको चरित्रलाई समायोजित चरित्र भनिन्छ भने सबै किसिमका स्थिति वा परिस्थितिहरूमा आफूलाई उपयुक्त राख्न नसक्ने एवम् सामाजिक वातावरण तथा आन्तरिक इच्छा, आकाङ्क्षा, आवश्यकताहरूसँग अनुकूल सामञ्जस्य वा समायोजना कायम गर्न नसक्ने असामान्य पात्रको चरित्रलाई असमायोजित चरित्र भनिन्छ। संवेगात्मक अस्थिरता एवम् असन्तुलित व्यक्तित्वका कारणले यस्ता असमायोजित चरित्रका पात्र आफ्ना छरछिमेकी, साथी–सहयोगीहरूसँग मिलेर बस्न असमर्थ हुन्छन्। यसले यिनीहरूको सामाजिक समायोजन प्रक्रियामा बाधा उत्पन्न गराउँछ। फलस्वरूप यिनीहरू असमायोजित चरित्रका बन्नपुग्छन्। समायोजित सामान्य र असमायोजित असामान्य चरित्र हुन्। असमायोजित चरित्रका पात्रहरू भौतिक तथा सामाजिक वातावरण र आन्तरिक इच्छा, आकाङ्क्षा एवम् आवश्यकताहरूमाझको सामञ्जस्य त्रुटिपूर्ण भएका कारणले गर्दा सबै किसिमका स्थिति वा परिस्थितिहरूमा आफूलाई उपयुक्त राख्न नसक्ने तथा आफ्ना छरछिमेकी, साथी–सहयोगीहरूसँग उचित सामाजिक सम्बन्ध कायम राख्न नसक्ने किसिमका हुन्छन्। प्रस्तुत कथामा आफ्ना साथीहरूसँग धेर नमिसिने र एकलकाँटे प्रकृतिको गौतम साथी–सहयोगीहरूसँग उचित सामाजिक सम्बन्ध स्थापित गर्न असमर्थ छ। भूत–प्रेतका चर्चामा विशेष रुचि राखे तापनि खेलकुद, सिनेमा आदिका चर्चामा भाग नलिने गौतम केटीहरूको चर्चा त झन कसैले झिकिदिए जुरुक्क उठेर हिँड्थ्यो। यसरी ऊ सबै किसिमका स्थितिमा साथीहरूमाझ आफूलाई उपयुक्त बनाइराख्न असमर्थ देखिन्छ। अतः उसलाई एउटा असमायोजित चरित्र भएको पात्र मान्न सकिन्छ। यसका अतिरिक्त असमायोजित चरित्रका पात्रमा भौतिक तथा सामाजिक पक्ष र आन्तरिक पक्षहरूमाझको सामञ्जस्य त्रुटिपूर्ण भएका कारणले गर्दा तिनको आन्तरिक सन्तुलन बिस्तारै बिग्रिने गर्छ।[९] नभन्दै यस्तै प्रकारको विकृति कथाको अन्त्यतिर गौतममा पनि देखिएको छ।

**ङ) व्यक्तित्वका आधारमा–** उपाहम्, अहम् र पराहम्माझ, हीनता ग्रन्थि र उच्चता ग्रन्थिमाझ,

---

८. आर पी सिंह, सन् २०१२, **बाल विकास के मनोवैज्ञानिक आधार**, सातौं सं, आगरा, अग्रवाल पब्लिकेसन्स, पृ. ३४६

९. राज राजेश्वरी प्रसाद सिन्हा एवम् बी के मिश्र, सन् २००४, **असामान्य मनोविज्ञान**, (दो सं), पटना, भारती भवन पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स, पृ १८

नारीपन र पुरुषपनमाझ, बहिर्मुखी र अन्तर्मुखी अभिवृत्तिमाझ सदा सङ्घर्ष चलिरहन्छ। एउटा सामान्य व्यक्ति यी तत्त्वहरूमाझ सामञ्जस्ययुक्त सन्तुलन कायम गर्न सक्षम हुन्छ। तर यी तत्त्वहरूमाझ सन्तुलन बिग्रेका खण्डमा त्यस व्यक्तिको व्यक्तित्व असन्तुलित बन्न पुग्दछ। यसरी उपाहम् , अहम् र पराहम्माझ, हीनता ग्रन्थि र उच्चता ग्रन्थिमाझ, नारीपन र पुरुषपनमाझ, बहिर्मुखी र अन्तर्मुखी अभिवृत्तिमाझ सन्तुलन भएका पात्रलाई सन्तुलित व्यक्तित्व वा चरित्र भएको पात्र र त्यस्तो सन्तुलन नभएका पात्रलाई असन्तुलित व्यक्तित्व वा चरित्र भएको पात्र मानिन्छ।[१०] सन्तुलित पात्रको व्यक्तित्व सङ्गठित रहन्छ। उसको व्यक्तित्वको संज्ञानात्मक, प्रभावात्मक एवम् क्रियात्मक पक्षहरूमा सन्तुलन रहेका हुनाले उसका कार्यप्रणालीमा उचित समन्वय रहन्छ। यसर्थ उसका विचार तथा क्रियाकलापहरू पनि तर्कसङ्गत तथा परिस्थितिअनुरूप हुन्छन्। असन्तुलित पात्रको व्यक्तित्व भने छिन्न-विच्छिन्न वा असङ्गठित हुन्छ। संज्ञानात्मक, प्रभावात्मक एवम् क्रियात्मक पक्षहरूमाझ समन्वय वा सन्तुलन नरहनाले उसका विचार तथा क्रियाकलापहरू पनि असङ्गत, असन्तुलित र विचित्रका हुन्छन्। प्रस्तुत कथामा गौतमको व्यक्तित्व कथाको पूर्वार्द्धमा सन्तुलित नै देखिए तापनि उत्तरार्द्ध वा अन्त्यतिर भने असन्तुलित बन्न पुगेको पाइन्छ। धर्मसिङ मास्टरको मृत्यु हृदयरोगले भएको भन्ने वास्तविकतालाई स्वीकार गर्न नसक्नु (ज्ञानात्मक पक्ष), धर्मसिङ मास्टरलाई आफूले मारेको ठानी चिन्तित, व्यग्र र अशान्त बन्नु (भावात्मक पक्ष) तथा धर्मसिङ मास्टरलाई आफूले मारेको ठानी कोठाभित्रै थुनिएर बस्नु, स्कुल जान छाड्नु, चिन्ता र आशङ्काले मनभित्रभित्रै निस्सासिनु तथा धर्मसिङ मास्टरलाई मैले नै मारेको हो भनी आफ्ना साथीहरूका अतिरिक्त स्कुलका हेडमास्टर र थाना-प्रभारी समेतलाई भन्न पुग्नु (क्रियात्मक पक्ष) जस्ता कुराहरूले गौतमका व्यक्तित्वको संज्ञानात्मक, प्रभावात्मक तथा क्रियात्मक पक्षहरूमाझको असन्तुलनलाई दर्साउँछ। यसका अतिरिक्त गौतममा उपाहम्, अहम् तथा पराहम्माझ पनि सन्तुलन नरहेको देखिन्छ। उपाहम्, अहम् र पराहम् क्रमशः अचेतन मन, अर्द्धचेतन मन र चेतन मन हुन्। मनका यी तीन गत्यात्मक शक्तिहरूमाझ सदा सङ्घर्ष चलिरहन्छ। वास्तवमा, उपाहम् वा अचेतन मनले एउटा व्यक्तिलाई आफूलाई मन परेको कुनै वस्तु साथीकाबाट चोर्न लगाउँछ। तर पराहम् अर्थात् चेतन मनले यस्तो गर्नु अनैतिक हो अतः यस्तो काम कदापि नगर भन्छ। यस्तो सङ्घर्षमय स्थितिमा अहम् अर्थात् अर्द्धचेतन मनले भन्छ- ''अहिले यसो गरी नहाल, पक्रापर्ने डर छ।'' यसप्रकार अहम् पक्रापर्ने भय देखाएर उपाहम् र पराहम्बिच सन्तुलन कायम राख्दछ। यस प्रकारको सन्तुलन अहम्को सबलतामा निर्भर गर्छ भने अहम्को दुर्बलताका कारणले व्यक्ति मानसिक रोगको सिकार हुन पुग्छ र उसको व्यक्तित्व छिन्न-विच्छिन्न एवम् असन्तुलित बन्दछ।[११] प्रस्तुत कथामा गौतमका मनका यी तीन गत्यात्मक शक्तिहरूमाझ

१०. दुर्गाबहादुर घर्ती, पूर्ववत्, पृ ८८

११. राज राजेश्वरी प्रसाद सिन्हा एवम् बी के मिश्र, पूर्ववत्, पृ ९४

सन्तुलन कायम हुन सकेको पाइँदैन। उसको अचेतन मनले धर्मसिङ मास्टरलाई मार्न चाहन्छ। चेतन मनले नमार, यसो गर्नु अपराध हो भन्दैन भने अर्द्धचेतन मनले अहिले नै नमार भन्दै पक्राउपर्ने भय पनि देखाउँदैन। अतः ऊ अचेतन मनकै कुरा सुनी धर्मसिङ मास्टरलाई मार्ने प्रयत्न गर्छ। उसको यही कार्यको फलस्वरूप ऊ मनोरोगी बन्नपुग्छ र उसको व्यक्तित्व पनि छिन्न–विच्छिन्न र असन्तुलित बन्दछ।

**च) संवेगात्मक परिपक्वताका आधारमा –** सामान्य व्यक्तिमा संवेगात्मक परिपक्वता पाइन्छ। विभिन्न संवेगमाथि उसको पूर्णरूपमा नियन्त्रण रहन्छ। ऊ उपयुक्त कारणबिनै भय, प्रेम, क्रोध, ईर्ष्या आदि संवेगहरूको प्रदर्शन गर्दैन। तर असामान्य व्यक्तिमा भने संवेगात्मक स्थिरता पाइँदैन। संवेगहरूको प्रदर्शनमा उसको नियन्त्रण नरहनाले ऊबिना उपयुक्त कारण पनि आफ्ना संवेगहरूको प्रदर्शन गर्दछ। यसरी सहज, स्वाभाविक ढङ्गमा संवेगात्मक विकास भएको, विभिन्न संवेगहरूमाथि पूर्ण नियन्त्रण भएको पात्र परिपक्क हो र शैशविक प्रवृत्ति कायमै रहेको, प्रतिगमन प्रवृत्ति भएको, विभिन्न संवेगहरूमाथि पूर्ण नियन्त्रण नभएको अपरिपक्व पात्र हो।[१२] परिपक्व पात्रलाई सामान्य चरित्र र अपरिपक्व पात्रलाई असामान्य चरित्र मानिन्छ। तथापि परिपक्वताको स्तर व्यक्तिको उमेर लिङ्ग र सामाजिक स्तर, यी तीन आधारमा सुनिश्चित गरिन्छ। अर्थात् व्यक्तिका शारीरिक, संवेगात्मक एवम् सामाजिक प्रतिक्रियाहरू उसको उमेर, लिङ्ग तथा सामाजिक स्तरअनुरूप भए परिपक्व अनि भिन्न वा प्रतिकूल भए अपरिपक्व भनिन्छ।[१३] प्रस्तुत कथाका पात्र गौतमको उमेरसम्बन्धी जानकारी कथाकारले दिएका छैनन्। तथापि हाई स्कुलको छात्र भएको हुनाले उसलाई उत्तर–बाल्यावस्था वा प्रारम्भिक किशोरावस्थाको बालक मान्न सकिन्छ। अतः ससाना बालबालिकाको जस्तो अपरिपक्वता गौतमको चरित्रमा पाइँदैन। संवेगात्मक परिपक्वताका सन्दर्भमा भने गौतमले आफ्ना संवेगहरूलाई नियन्त्रण गर्न नसकेको देखिन्छ। धर्मसिङ मास्टरले उसलाई बिनाकारण केही दिनसम्म मेरो क्लासमा नआउनु, मेरो अघि नपर्नु भन्दा उसको मनमा चोट पर्छ र आफ्ना संवेगहरूलाई नियन्त्रण गर्न नसकी अनायासै भनिपठाउँछ– ''म सित्थैँमा पढ्न आएको होइन, मैले पनि स्कुल खजाना बुझाएरै पढेको सर।''[१४] आफ्ना मनका संवेगहरूलाई नियन्त्रण गर्न नसक्ने गौतमको चरित्रलाई कथाको निम्न अंशले अझ खुलस्त पारेको छ– तैँले मलाई जिउँदै मारिसकेको थिइस्, ''अब तँलाई पनि म घोची घोची मार्छु, तड्पाई तड्पाई मार्छु। ला! ला!!'' भन्दै जम्मै काँडाहरू रोपिसिध्यायो र गुडियालाई भैँमा फ्यात्त फ्याँकेर जुत्ताले किचिमिची पार्‍यो औ ''ला!, ला!'' भन्दै हाँस्न लाग्यो..।[१५] प्रस्तुत कथामा गौतम मानसिक रूपमा विक्षिप्त हुनाको मूल कारण उसका

१२. दुर्गाबहादुर घर्ती, पूर्ववत्, पृ ८८
१३. राज राजेश्वरी प्रसाद सिन्हा, एवम् बी के मिश्र, पूर्ववत्, पृ १९–२०
१४. शिवकुमार राई, पूर्ववत्, पृ ७२
१५. पूर्ववत्, पृ ७३

मनमा रहेको भयको संवेगलाई मान्न सकिन्छ। आफूले काँडै–काँडा रोपेर फुलबारीमा गाडेको धर्मसिङ मास्टरको पुत्लोलाई एउटा कालो पोथीले भुतभुते खेलेर निकाली चुच्चामा च्यापी यताउति दगुर्दै नालीमा खसालेकामा ऊ चिन्तित छ। कतै नानीहरूले के हो भनी टिपेर ल्याए र कसैको आँखा त्यसमा पर्न गए उसको भेद खोलिन सक्छ किनभने त्यस गुडियाको पेटमा धर्मसिङ लेखी उसले टालेको छ र साथीहरूले उसको हरफ चिन्न सक्छ भन्ने भय र भावी आशङ्काले ऊ त्रस्त बन्छ। यही भय र आशङ्काबाट निर्मित अशान्तिले ऊ दिनदिनै मानसिक रूपमा विक्षिप्त बन्दै जान्छ र अन्तमा आत्माहत्या गर्न पुग्छ। बालबालिकाहरूमा उत्पन्न भयको भावनाले उनीहरूलाई मृत्युमुखी बनाउँछ भन्ने मनोवैज्ञानिक फ्रायडको भनाइ यस प्रसङ्गमा मिल्दो देखिन्छ।[१६] गौतम पनि आफ्ना मनका भयजनित संवेगहरूलाई नियन्त्रण गर्न नसकी मानसिक रूपमा विक्षिप्त बन्दै अन्तमा मृत्युलाई अँगाल्न पुग्छ। यसरी प्रस्तुत कथामा गौतम एउटा संवेगात्मक रूपमा अपरिपक्व चरित्रका रूपमा देखिएको छ।

**छ) मानसिक अन्तर्द्वन्द्वका आधारमा –** मनोवैज्ञानिक बोरिङ्ग ल्याङ्गफिल्ड र वेल्डअनुसार मानसिक अन्तर्द्वन्द्व वा सङ्घर्ष व्यक्तिको त्यस अवस्थालाई भनिन्छ जसमा दुई वा दुईभन्दा अधिक परस्परविरोधी (प्रतिकूल) प्रवृत्ति वा इच्छाहरू एकैसाथ आफ्नो सन्तुष्टि चाहन्छन् तर व्यक्ति तिनलाई एकसाथ सन्तुष्ट गर्न असमर्थ हुन्छ।[१७] यसरी दुई वा अधिक विपरीत इच्छा, भाव, विचार र धारणाको द्वन्द्व भएको पात्रलाई अन्तर्द्वन्द्वग्रस्त पात्र र कुनै पनि मानसिक अन्तर्द्वन्द्व नभएको पात्रलाई अन्तर्द्वन्द्वरहित पात्र भनिन्छ।[१८] अन्तर्द्वन्द्वरहित पात्रले सामान्य चरित्रको र अन्तर्द्वन्द्वग्रस्त पात्रले असामान्य चरित्रको प्रतिनिधित्व गर्दछ। प्रस्तुत कथामा पाँच छ दिनदेखि कोठाभित्रै थुनिएर मानसिक सङ्घर्षमा पिरोलिइरहेको गौतम अन्तमा असह्य मानसिक छटपटीका कारणले बाध्य बनी भन्छ– ‘‘मास्टरजीलाई मैले नै मारेको हुँ भनी मैले अरूलाई जानकारी दिनैपर्छ, यो छात्तीमाथिको भार मैले बिसाउनैपर्छ। त्यो अर्कातिर फेरि सोच्न लाग्यो, मैले मारेको भन्ने चाल पाए सायद पुलिस आउनेछन् र मलाई बाँधेर लैजानेछन् ....त के भयो त? मनको कुरो पोख्नै नपाई यहाँ यसरी भित्र–भित्रै खरानी भएर बस्नुभन्दा खुलस्त गरिदिएको राम्रो होइन र? यहाँ त मेरो सासै रोकिन लागेको छ, छात्ती नै फुट्ला जस्तो भइसक्यो, होइन मैले गाँठो खोल्नैछ।’’[१९] यसरी ऊ कैयौँ दिनदेखि मानसिक अन्तरद्वन्द्वले ग्रस्त रहेको कुरो उपर्युक्त कथांशमा प्रस्ट देखिएको छ।

---

१६. Sigmund Freud, 1991, **The Essentials of Psychoanalysis**, (Ed.) Anna Freud, London, New York , Penguin Books, p. 477

१७. राज राजेश्वरी प्रसाद सिन्हा, एवम् बी के मिश्र, पूर्ववत्, पृ १२२

१८. दुर्गाबहादुर घर्ती, पूर्ववत्, पृ ८८

१९. शिवकुमार राई, पूर्ववत्, पृ ७५–७६

मानसिक सङ्घर्ष वा अन्तरद्वन्द्व पनि तीन प्रकारका हुन्छन् – **१. अभिगम–अभिगम सङ्घर्ष २. अभिगम–परिहार सङ्घर्ष र ३. परिहार–परिहार सङ्घर्ष**। पहिलो अर्थात् अभिगम–अभिगम सङ्घर्ष मानसिक सङ्घर्षको एउटा सामान्य प्रकार हो। यसमा व्यक्तिसमक्ष दुईवटा यस्ता इच्छाहरू एकैसाथ उत्पन्न हुन्छन् जसमध्ये कुनै पनि एउटा इच्छालाई अवहेलना गर्नु सम्भव हुँदैन। उसका लागि दुवै इच्छा समान मूल्यको प्रतीत हुँदा ऊ दुवै इच्छा पुरा गर्न चाहन्छ। तर दुवै इच्छाको पूर्ति एकैसाथ गर्न सम्भव नहुँदा र एउटालाई अवहेलना गर्न पनि नसक्दा व्यक्ति मानसिक सङ्घर्षको सिकार बन्दछ। दोस्रो अर्थात् अभिगम–परिहार सङ्घर्षअन्तर्गत व्यक्तिसमक्ष एउटै उद्देश्य रहन्छ जसको पूर्ति ऊ गर्न चाहन्छ। तर यसका साथसाथै ऊ त्यसबाट टाढा भाग्न पनि चाहन्छ। अतः व्यक्तिमा एउटै लक्ष्यप्रति पनि परस्परविरोधी इच्छा उत्पन्न हुँदछन्। ती दुवै परस्परविरोधी इच्छाहरूमध्ये एउटाको उद्देश्य लक्ष्य प्राप्त गर्नु हुन्छ भने अर्को इच्छाको उद्देश्य त्यस लक्ष्यलाई तिरस्कार गर्नु हुन्छ। यस प्रकारको मानसिक सङ्घर्षलाई अभिसारित सङ्घर्ष पनि भनिन्छ। तेस्रो अर्थात् परिहार–परिहार सङ्घर्षमा व्यक्तिसमक्ष दुईवटा इच्छा उपस्थित हुँदछन्। तर ती दुईमध्ये कुनैको पनि पूर्ति उसका लागि लाभप्रद हुँदैन। अतः ऊ ती दुवैबाट जोगिन चाहन्छ। तथापि उसलाई ती दुईमध्ये कुनै एउटाको पूर्तिहेतु निर्णय लिनुपर्ने बाध्यता भने अवश्यै रहेको हुन्छ।[२०] प्रस्तुत कथामा गौतमको उद्देश्य धर्मसिङ मास्टरलाई आफूले मारेको हो भनी अरूलाई बताएर मनमा गाँठो पारी राखेको रहस्य फुकाई अशान्त मनलाई शान्ति प्रदान गर्नु हो। तर रहस्य खोले पुलिसले आफूलाई बाँधेर लैजाने भय पनि उसलाई छ। अतः दुई परस्परविरोधी इच्छाहरूको सङ्घर्षमा कैयौँ दिनसम्म जेलिएर ऊ कोठाभित्रै थुनिएर बसेको छ। यस्तो अवस्थामा उसलाई अभिगम–परिहार मानसिक सङ्घर्षले ग्रस्त पात्रका रूपमा हेर्न सकिन्छ। रहस्य खोलूँ वा नखोलूँ भन्ने दुईवटा इच्छा गौतमका मनमा उपस्थित छन्। तर यी दुवै इच्छा उसका लागि लाभप्रद छैनन् र ऊ यसबाट जोगिन चाहन्छ। रहस्य खोल्नु उसका सोचाइमा लाभप्रद छैन किनभने पुलिसले उसलाई पक्रिएर लैजाने भय छ। रहस्यलाई छात्तीमै दबाएर राख्नु पनि उसका लागि लाभप्रद नभएर कष्टकर छ। तर यी दुईमध्ये कुनै एउटालाई स्वीकार गर्नुपर्ने उसको आफ्नै बाध्यता छ। अतः ऊ अन्तमा बाध्य भएर आफ्ना छात्तीमा गाँठो पारी राखेको रहस्य साथीहरू लगायत स्कुलका हेडमास्टर र थाना–प्रभारीसमक्ष समेत खोल्न पुग्छ। यसरी अध्ययन गर्दा भने गौतम परिहार–परिहार मानसिक सङ्घर्षका स्थितिबाट ग्रस्त चरित्रका रूपमा देखिन्छ।

**ज) मानसिक अवस्थाका आधारमा –** यस आधारमा पात्रहरू अविकृत र विकृत गरी दुई प्रकारका हुन्छन्। कुनै पनि मानसिक तथा चारित्रिक विकृति नभएको पात्र अविकृत पात्र हो भने विभिन्न मानसिक एवम् चारित्रिक विकृति– जस्तै मनःस्नायुविकृति, मनोविकृति, मनोदैहिक विकृति, लैङ्गिक

२०. राज राजेश्वरी प्रसाद सिन्हा, एवम् बी के मिश्र, पूर्ववत्, पृ १२३–१२५

विकृति, मद्यपान तथा लागु वा मादक पदार्थको कुलत, जुवाडेपन, आपराधिक व्यवहार, समाजविरोधी क्रियाकलाप, स्थिर व्यामोह, विषाद, मनोग्रस्त–बाध्यता, उन्माद, कृशकाय, अपूर्ण व्यक्तित्व, मन्द र खण्डित मानसिकताजस्ता विकृति भएको पात्रलाई विकृत पात्र भनिन्छ। मानसिक विकृति मूलत मनोजनित हुन्छ र यो विभिन्न जैविक एवम् सामाजिक कारणहरूबाट प्रभावित हुन्छ। यसले व्यक्तिको संज्ञानात्मक, क्रियात्मक एवम् भावात्मक पक्षहरूलाई असन्तुलित गर्दछ। फलस्वरूप, व्यक्ति र उसको वातावरणबिच सामञ्जस्य रहँदैन। मानसिक विकृति मनःस्नायुविकृति र मनोविकृति गरी मुख्यतः दुई प्रकारका हुन्छन्। मनःस्नायुविकृति साधारण एवम् साध्य मानसिक विकृतिलाई भनिन्छ जसको उत्पत्ति मुख्यतः कुनै संवेगात्मक एवम् संघर्षमय परिस्थिति वा निराशाहरूबाट हुने गर्छ। मनःस्नायुविकृत व्यक्तिमा आन्तरिक सङ्घर्ष प्रधानता रहे तापनि उसको समाज तथा वास्तविकतासँगको सम्बन्ध कायम नै रहन्छ। अतः उसको व्यवहार समाजद्वारा मान्य मानदण्डहरूको अनुरूप नै रहने हुँदा सामाजिक सम्बन्ध लगायत व्यक्तित्व पनि सङ्गठित र सुव्यवस्थित नै रहन्छ। मनोविकृति भने एउटा जटिल मानसिक विकृति हो। मनोविकृतिद्वारा पीडित व्यक्तिको व्यक्तित्व विच्छिन्न र बोली, भाषा एवम् चिन्तन–प्रक्रिया असङ्गत र तर्कहीन हुँदछ भने अविवेक, व्यामोह, विभ्रम तथा मानसिक द्विविधा उसमा सामान्य रूपमा पाइने लक्षणहरू हुन्।[२१] यस्ता व्यक्तिमा अहम्, पराहम्, काम तथा बाह्य वास्तविकतामाझको सन्तुलन एकदमै रहँदैन भन्ने मनोविश्लेषकहरूको भनाइ छ। प्रस्तुत कथामा गौतम पढाइमा केही कमजोर वा मन्द बुद्धि भएको छात्र हुनाले ऊ कक्षामा जहिले पनि धर्मसिङ मास्टरद्वारा अपमानित र लज्जित हुनपर्थ्यो। कक्षामा पस्नसाथ गौतमको खोजी गर्दै धर्मसिङ मास्टर भन्थे– ''खोई त्यो गौतम, पछि किन बसेको, सामुन्नेको बेन्चीमा आएर बस्।'' प्रश्नको उत्तर दिन नसके कहिले बेन्चीमाथि उभ्याउँथे त कहिले घुँडा टेकाउँथे। कहिले उसको खिल्ली उडाउँदै, ''तेरो भाग्यमा पढाइ लेखेको छैन, तैँले कलम समातेर काम लाग्दैन, तेरो बाबु जस्तै रेन्च र पेचकस समात् बरु पछि त्यसैले काम दिन्छ'' भन्थे। बिचरा गौतम सधैँ त्रस्त रहन्थ्यो। धर्मसिङ मास्टरलाई देख्यो कि जानेको कुरो पनि भुल्थ्यो। यसरी दिनहुँ सहपाठीहरूका अघि लज्जित र अपमानित हुन पर्दा मानसिक सङ्घर्षमय परिस्थिति, हीनताबोध र निराशाहरूले गौतम पहिल्यैबाट आक्रान्त रहेको थाह लागे तापनि धर्मसिङ मास्टरको मुत्युपछि भने मास्टरजीलाई आफूले नै मारेको ठान्ने गौतम अतिशय मानसिक सङ्घर्षका कारणले मनोविकृतिको सिकार बन्नपुग्छ। उसका व्यवहार अनि व्यक्तित्वमा असङ्गति र असन्तुलन देखिनथाल्छ भने मानसिक एवम् शारीरिक रूपमा रुग्ण बन्दै जान्छ। धेरै दिनदेखि नकोरेको र तेल नलगाइएको जिङ्ग्रिङ्ग परेको केश तथा नसुतेकाले राता–राता भएका आँखा लिएर कोठामै बसेको गौतम आफ्ना साथी दिनेश र हरिलाई धर्मसिङ मास्टरलाई मैले नै मारेको हुँ भनी बताउँछ। तर आफ्नो कुरा साथीहरूले नपत्याइदिंदा भन्छ– लौ पत्याएनौ होइन?

२१. दुर्गाबहादुर घर्ती, पूर्ववत्, पृ ८९

पुलिसले मलाई पक्रन आउँदा चाल पाउँनेछौ, हा हा हा गरी हाँस्न लाग्यो। दिनेश र हरि दुवैलाई लाग्यो, निश्चय पनि गौतम सदर छैन, ऊ बौलाउन लागेको छ। गौतम लट्टिएर बसेको, स्कुल हिँड भन्दा नमानेको र झन अहिलेको कुराले गौतम पक्कै बौलाइसकेछ भन्ने उनीहरूलाई लाग्यो।[२२]

प्रस्तुत कथामा गौतम धर्मसिङ मास्टरलाई मार्न चाहन्छ र धामी, झाँक्री तथा ओझाका कथाहरूबाट प्रेरित भएर ओझाले झैं पुत्लो बनाई मार्ने प्रयत्न पनि गर्छ। यसका अतिरिक्त ऊ विक्षिप्त मनोदशा लिई अन्तमा आत्महत्या समेत गर्छ। कसैको हत्या गर्नुलाई अपराध मानिन्छ भने आत्महत्या गर्नुलाई त झन जघन्य अपराध मानिन्छ। अतः उपर्युक्त उल्लिखित दुवै घटनालाई हेर्दा प्रस्तुत कथामा गौतम एउटा बालअपराधीका रूपमा देखिएको छ। बालअपराधका मनोवैज्ञानिक कारणहरू पनि हुन्छन्। यस्ता मनोवैज्ञानिक कारणहरूमा बुद्धिको कमी, संवेगात्मक अस्थिरता, संवेगात्मक तनाउ, मनोविकारी व्यक्तित्व एवम् मानसिक रोगले ग्रस्त हुनुलाई विशेष रूपले महत्त्वपूर्ण मानिन्छ।[२३] यसरी बालअपराधका मनोवैज्ञानिक कारणहरूलाई हेर्दा गौतमबाट भएका अपराधहरूमा पनि उसको संवेगात्मक तनाउ र मानसिक अन्तरद्वन्द्वबाट निर्मित मनोरोग वा मानसिक विकृति मुख्य रूपमा रहेको देखिन्छ।

**४. निष्कर्ष :**

प्रस्तुत कथामा प्रमुख बालपात्र गौतमको चरित्र असामान्य रहेको पाइन्छ। अभिवृत्तिका आधारमा अन्तर्मुखी, व्यवहारका आधारमा असङ्गत, समायोजनका आधारमा असमायोजित, व्यक्तित्वका आधारमा असन्तुलित, संवेगात्मक परिपक्वताका आधारमा अपरिपक्व, मानसिक अन्तर्द्वन्द्वका आधारमा अन्तर्द्वन्द्वग्रस्त र मानसिक अवस्थाका आधारमा विकृत रहेको उसको चरित्र प्रकृतिका आधारमा भने जटिल नरहेर सहज नै देखिएको छ। यसका अतिरिक्त थुप्रै बालपात्रहरूको सहभागिता रहेको प्रस्तुत कथामा दिनेश, हरि, लालवीर, पद्मे, पद्मनाथ बाँसतोला, राजेन सहायक बालपात्रका रूपमा र गजेन्द्र, कृष्ण, श्यामसिङ तथा धर्मसिङ मास्टरकी सानी छोरी गौण बालपात्रका रूपमा रहेका छन्। यद्यपि गौतमका अतिरिक्त अन्य बालपात्रहरूका चरित्रको चित्रण कथाकारले गरेका छैनन्। वास्तवमा कथाको छोटो आयामभित्र उपन्यासमा जस्तो कथामा पात्रका चरित्रबारे विस्तृत चित्रण गरिएको पाइँदैन। यस्ता स्थितिमा पनि तर कथा पढ्दा पाठकले कथामा प्रयुक्त पात्र–पात्राका चरित्रबारे केही सङ्केत भने अवश्यै पाउने गर्छन्। यसप्रकारको सङ्केत पात्रका संवाद तथा क्रियाकलाप आदिबाट प्राप्त गर्न सकिन्छ भने प्रस्तुत कथामा पनि गौतमका अतिरिक्त अन्य बालपात्रहरूद्वारा प्रस्तुत संवाद तथा क्रियाकलापहरूको

२२. राज राजेश्वरी प्रसाद सिन्हा, एवम् बी के मिश्र, पूर्ववत्, पृ २०६, २६९–२७०

२३. शिवरतन न. मानधना, सन् १९९६, **नवम दशक की कहानियों के पात्र**, विद्यावारिधि शोध–प्रबन्ध ग्रन्थ, बीड, बलभीम कला, वाणिज्य एवम् विज्ञान महाविद्यालय, पृ १३३

अध्ययन गर्दा ती सबै पात्रहरूलाई सामान्य चरित्र भएका पात्र मान्न सकिन्छ।

बालबालिकाहरूका निम्ति विद्यालयमा शिक्षक–शिक्षिकाहरू नै अभिभावक हुन्छन्। शिक्षक–शिक्षिकाहरूबाट यिनीहरू सुरक्षा तथा स्नेहको आकाङ्क्षा राख्छन्, उनीहरूलाई आफ्ना व्यक्तिगत समस्याहरू बताउँछन्, सुखदुख बाँड्छन् र व्यक्तिगत परामर्श लिन्छन्। यस्ता स्थितिमा शिक्षक–शिक्षिकाहरू पनि आफ्ना छात्र–छात्राहरूलाई सहयोग गर्छन्। यसका अतिरिक्त विद्यालयमा विभिन्न प्रकारका मानसिक र शारीरिक अवस्था एवम् बुद्धि भएका छात्र–छात्राहरू अध्ययन गर्न आउँछन्। अतः ती छात्र–छात्राहरूका बुद्धि एवम् शारीरिक तथा मानसिक अवस्था पत्तो लगाई सोही अनुरूप शिक्षा प्रदान गर्नु आवश्यक देखिन्छ। प्रस्तुत कथामा गौतम पढ्नमा केही कमजोर वा मन्द बुद्धि भएको छात्र हो। अतः उसलाई आफ्ना शिक्षक–शिक्षिकाबाट सहयोग र सहानुभूतिको आवश्यकता छ। तर यसको ठिक विपरीत धर्मसिङ मास्टर उसको कमजोरीप्रति व्यङ्ग्य गर्छन्, हेप्छन्, गाली गर्छन्, कुट्छन् अनि साथीहरूका अघि लज्जित पार्छन्। धर्मसिङ मास्टरको यही व्यवहारलाई गौतमको मानसिक अवस्था विक्षिप्त हुनाको मुख्य कारक तत्त्वका रूपमा राखेर कथाकार राईले प्रस्तुत कथामा धर्मसिङ मास्टरजस्ता अयोग्य शिक्षकहरूलाई सही बाटो देखाउने प्रयत्न समेत गरेका छन् भन्न सकिन्छ।